भूमि आयोग मकवानपुरको सदस्यमा रायमाझी । पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com

खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-४
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१४, ● अंक-३७ ● २०७८ चैत १४ गते सोमबार, ● 28 March 2022, ● नेपाल सम्वत्-११४२, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## मकवानपुरगढी बालमैत्री घोषणा



◆ विकास संवाददाता

मकवानपुरको मकवानपुरगढी गाउँपालिकालाई बालमैत्री गाउँपालिका घोषणा गरिएको छ । शनिबार प्रदेश सरकारका मुख्यमन्त्री राजेन्द्र प्रसाद पाण्डेले गाउँपालिकालाई बालमैत्री गाउँपालिकाको रूपमा घोषणा गरेका हुन् ।

उनले मकवानपुरको मकवानपुरगढी गाउँपालिका, पाँच हजार ३ घरधुरी, २५ हजार १०५ जनसंख्या भएको पर्यटकीय तथा ऐतिहासिक मकवानपुरगढी गाउँपालिकाले बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८, तथा स्थानीय सरकार संचालन ऐन २०७४ले निर्दिष्ट गरेका सुचक र मापदण्डहरू पुरा गरेको हुदाँ वडा नम्बर एक देखि आठ सम्म र सिंगो गाउँपालिकालाई नेपालको चौथो तथा ५१ सुचकमा नेपालको दोस्रो बालमैत्री स्थानीय शासनयुक्त गाउँपालिका भन्दै बालमैत्री गाउँपालिका घोषणा गरे ।

गाउँपालिका अध्यक्ष विदुर हुमागाईको अध्यक्षतामा भएको कार्यक्रममा सबैवडालाई ताम्रपत्र प्रदान गरिनुका साथै गाउँपालिकाका पूर्व जनप्रतिनिधि, सामाजिक व्यक्तित्व, राजनैतिक व्यक्तित्व तथा बालमैत्री घोषणा अभियानका विभिन्न सामाजिक तथा गैरसरकारी संघसंस्थाहरूलाई सम्मान गरिएको थियो ।

कार्यक्रममा संघीय अर्थ समितिका सभापति कृष्ण प्रसाद दाहाल, प्रदेशका सामाजिक विकास मन्त्री कुमारी मोक्तान, संविधान सभा सदस्य प्रह्लाद लाछिने, जिल्ला समन्वय समितिका प्रमुख रघुनाथ खुलाल, बालमैत्री राष्ट्रिय सहजकर्ता विष्णुप्रसाद चौवे, गाउँपालिका स्तरीय बालसंजालका अध्यक्ष विशाल तिमल्सिना, मनहरी गाउँपालिका अध्यक्ष एकराज उप्रेती, बकैया गाउँपालिकाका उपाध्यक्ष सरला बोलखे लगायत सामाजिक संघसंस्था तथा राजनैतिक दलका प्रतिनिधिहरूको अतिथ्यता रहेको थियो ।

## सामाजिक सुरक्षा भत्ताको

# चुनौति बन्दैछ : 'तथ्याङ्क शुद्धिकरण'

विकास संवाददाता
थाहानगर

मकवानपुर थाहा नगरपालिका वडा नम्बर ११ टिष्टुङकी सुन कुमारी दोङ सामाजिक सुरक्षा भत्ताको लाभग्राही थिइन् । उनको २०७८ जेठ ११ गते मृत्यू भयो । पूर्ण अपाङ्गता जीवन बिताउँदै आएकी सुन कुमारीको मृत्यू भएपछि परिवारले असार ११ गते वडाका कार्यालयमा मृत्यू दर्ता गरे । आर्थिक वर्ष २०७७/०७८ को अन्तिम किस्ताको भत्ता रकम पाउने थाहा पाएपछि उनका परिवारले मृत्यू दर्ता गरेको ४ महिनापछि वडामा निवदेन दिए । लाभग्राही परिवारको निवेदन अनुसार वडा अध्यक्ष किरणमान बलले पालिकामा नियमानुसार भत्ता दिन सिफारिस गरे । वडा कार्यालयबाट कात्तिक २८ गते भत्ता भुक्तानीको लागि पालिकामा सिफारिस भएको हो । वडा कार्यालयले मृत्यु दर्ता भएपछि त्यहि दिन मृत्यु मितिदेखि लागू हुने गरी सुन कुमारीको सामाजिक सुरक्षा भत्ता प्रणालीबाट लगत कट्टा गरेको छ । चौमासिकको शुरूवातीदेखि मृत्यु मितिसम्मको भत्ता रकम दिन पालिकाले बैंकलाई सिफारिस गरेको एमआइएस सेवा इकाइका अपरेटर लक्ष्मण कण्डेलले बताए ।

एमआइएस अपरेटर लक्ष्मण कण्डेल भन्छन-'मृत्यु हुने लाभग्राहीको बाँकी अवधिको मात्र भत्ता भुक्तानी गर्ने थाहा नगरपालिकाको अभ्यास यहि हो ।' उनले मृत्यू भएको अर्का लाभग्राहीको भुक्तानी प्रक्रिया सुनाउँदै भने-'थाहा वडा नम्बर ९ की ज्येष्ठ नागरिक लाभग्राही सरस्वती लामिछानेको २०७८ वैशाख २९ गते मृत्यू भयो । मृत्यू भएको नौ महिनापछि माघ १६ गते बल्ल मृत्यू अघिको सामाजिक सुरक्षा भत्ताको लागि सिफारिस भई पालिकामा आएको छ । मृतक लाभग्राहीको भदौ २१ गते मृत्यु दर्ता भएको वडा कार्यालयमा अभिलेख छ । 'नियमानुसार यो अवस्थामा पहिलो आर्थिक वर्षको अन्तिम किस्ता र चालु आर्थिक वर्षको पहिलो र दोस्रो किस्ताको भत्ता बैंक




*मृतकको आफन्तलाई नगरपालिकाको सिफारिसबिना भत्ता झिक्न नपाउने बाध्यकारी व्यवस्था गरेपछि बाँकी पैसा सहजै संघीय संचित कोषमा फिर्ता ल्याउने गरेका छौं'-एमआइएस अपरेटर लक्ष्मण कण्डेलले भने । समयमै मृत्यु दर्ता नगर्ने एउटा समस्या छ भने सामाजिक सुरक्षा भत्ता प्रणालीमा दोहोरो अभिलेख दर्ता गर्ने अर्को चुनौतिको विषय भएको थाहा नगरपालिकाका एमआइएस अपरेटर रूपक कार्कीले बताए ।*

पठाइसकेको हुन्छौं' अपरेटर कण्डेलले भने-'जनप्रतिनीधिलाई त गाउँघरमा कस्को मृत्यु भयो भन्ने थाहा हुन्छ त्यहीबेला प्रतिनीधिहरूले समयमै घटना दर्ता गर्न प्रोत्साहन गरे यस्तो समस्या आउँदैनथ्यो ।' तर, मृतकको आफन्तलाई नगरपालिकाको सिफारिसबिना भत्ता झिक्न नपाउने बाध्यकारी व्यवस्था गरेपछि बाँकी पैसा सहजै संघीय संचित कोषमा फिर्ता ल्याउने गरेका छौं'-कण्डेलले भने ।

पालिकाहरूमा समयमै मृत्यु दर्ता नगर्ने एउटा समस्या छ भने सामाजिक सुरक्षा भत्ता प्रणालीमा दोहोरो अभिलेख दर्ता गर्ने अर्को चुनौतिको विषय भएको थाहा नगरपालिकाका एमआइएस अपरेटर रूपक कार्कीले बताए । थाहा नगरपालिका वडा नम्बर ७ र ८ मा एकै लाभग्राहीले भत्ताको लागि निवेदन दिएको उदाहरण पेश गर्दै अपरेटर कार्कीले भने-पहिले वडा नम्बर ८ बाट सामाजिक सुरक्षा भत्ता लिइरहेका लाभग्राही अक्कल बहादुर मुक्तानको आर्थिक वर्ष २०७७/७८ मा वडा नम्बर ७ मा पनि प्रणालीमा अभिलेख दर्ता भेटियो ।' सबै कागजात भिडाउँदा उनको घर वडा नम्बर ७ मै भएको पाइएको छ, कार्कीले भने । यो थाहा पाएपछि वडा नम्बर ७ को प्रणालीमा इन्ट्री भएकै समयदेखि उक्त वडाको भत्ता फिर्ता गराइएको छ । प्रणाली मार्फत भुक्तानीका लागि गएको रकम शुन्य बनाएपछि पुनः ७ नम्बर वडाकै परिचयपत्र सक्रिय गराइ ८ नम्बरकोलाई निष्क्रिय गराइएको उनले बताए । मुक्तानको मतदाता परिचयपत्र भने वडा नम्बर ८ मा रहेको निर्वाचन कार्यालयको अभिलेख छ । नागरिकको परिचय खुल्ने कागजात बनाउँदाको बेला ख्याल नगर्दा सामाजिक सुरक्षा भत्ता वितरणमा निकै समस्या हुने गरेको अपरेटर कार्कीको अनुभव छ ।

सामाजिक सुरक्षा भत्ता वितरण प्रणाली अनलाइनमा संचालन गर्नु सामान्य भएको र यसको शद्धिकरण भने अबको चुनौतिको रूपमा रहेको पालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिलाल पुरीले बताए । यसका लागि थाहा नगर पालिकामा मासिक रूपमै भत्ता वितरण गर्ने बैंक, एमआइएस सेवा इकाइ र सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखाबीच बैठक हुने गरेको छ । बैठकले देखिएका समस्यहरूलाई समाधान गर्न सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना स्थानीय समन्वय समित समक्ष अनुरोध गर्ने गरिएको छ । कतिपय शंकास्पद लाभग्रीको 'घर भिजट'कै पनि कार्यक्रमको शुरूवात गरिएको पञ्जीकरण तथा सामाजिक सुरक्षा शाखा प्रमुख सुरज कुमार भुजेलले बताए । यसले तथ्याङ्क शुद्धिकरणमा महत्वपूर्ण सहयोग पुग्ने भुजेलको विश्वास छ ।

थाहा नगरपालिकामा मृत्यू, बसाईसराई, दोहोरो दर्तालगायतका गरी ४ सय ७९ जनाको लगतकट्टा भएको प्रणालीमा अभिलेख छ । अभिलेख अनुसार आर्थिक वर्ष २०७५/०७६ मा १ सय २० जना, आर्थिक वर्ष २०७५/०७६ मा ९३ जना, आर्थिक वर्ष २०७६/०७७ मा १ सय ७ जना र आर्थिक वर्ष २०७७/०७८ मा १ सय ५९ जनाको लगत कट्टा भएको छ ।



विकास खबरपत्रिका साप्ताहिक | www.bikaskhabar.com | प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
२०७८ चैत १४ गते सोमबार, 28 March 2022, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७



www.bikaskhabar.com
bikaskhabar@gmail.com



# • सम्पादकीय •

## पालिका चुनाव: गाली हैन, एजेण्डा देऊ

मुलुकमा संघीयता घोषणापछि दोस्रो पटक आउँदो वैशाख ३० मा स्थानीय तह निर्वाचन सम्पन्न हुँदै छ । पालिकाहरुमा हुने चुनाव भएकोले यसलाई 'पालिका चुनाव' पनि भन्ने गरिन्छ । चुनावमा राजनीतिक दलका एजेण्डा के हुन् भन्ने अहिलेसम्म टुङ्गो लागेको छैन। शीर्ष नेताहरूका दौडाहा व्यापक भइरहेका छन् । ती दौडाहामा अरु दलका व्यक्तिलाई आफ्नो दलमा प्रवेश गराउने होड पनि त्यत्तिकै चलिरहेको छ । तर नेतृत्वबाट जस्तो असामाजिक खालका गालीगलौज आरहेका छन् तिनले छर्ने विषाले समाजमा कस्तो प्रभाव पार्ला र ती नेतालाई अरुले हेर्लान् र समाजका परिवर्तनकारी भनेर सम्मान गर्लान् भन्ने प्रश्न उठ्नु स्वभाविक हो । निर्वाचन त दलका एजेण्डामा हुनुपर्ने हो । तर प्रतिस्पर्धा चलिरहेको छ 'गाली पुराण'मा । विगतका भन्दा यो चुनावमा गालीका यस्ता नयाँ–नयाँ प्रतिस्पर्धा चलिरहेका छन् । वास्तवमा सम्बोधन हुनुपर्ने विषयले ठाउँ पाउँदैनन् । स्थानीय तह भनेको विकास निर्माणका प्रमुख ठाउँ हुन् । तर नेताहरूले गालीलाई आकर्षक बनाएका पाइन्छ । टोल कमिटि गठन गर्दा होस् वा वडा न पालिकास्तरको भेला नै किन नहोस् नेताहरु एक अर्कामा गाली गलौजमै केन्द्रित हुन्छन् ।

नागरिकले जब चुनाव ऐजेन्डाले प्राथमिकता पाउँदैन, अझ भन्ने हो भने एजेण्डा नै हुँदैनन् वा देखिँदैनन् त्यसले वास्तवमा नै कसैको जित–हारको पनि अर्थ रहँदैन । चुनाव भनेको राजनीतिक विचारको बहस, मुलुक बनाउने दृष्टि र नागरिकप्रतिको चिन्ताबाट भरिपूर्ण हुनुपर्ने हो जसले त्यसको प्रतिस्पर्धा गराउँछ । तर चुनावका दिन जति नजिक आउँदै छन् गालीको प्रतिस्पर्धा त्यति नै घनीभूत हुँदै गइरहेका छन् । अघिल्लो हप्ता ठूलो दलका नेताले सुदूरपूर्वमा लामो भाषण गरे । त्यसमा उनले भने, 'कार्यकर्ताले जुत्ता–चप्पल खियाएको मूल्य, बगाएका पसिनाको मूल्य र छोडेका कामको मूल्य र रोजगारीको समय छोडेर अन्तरेजन्तरेलाई हालेको भोटको मूल्य, त्यो कुरा सबै बिर्सिए । तर, त्यसको भत्ता खाइराखेका छन् । राजीनामा गर्नु पर्दैन ? भत्ता खाइराख्ने ? लगाइरहेको सांसदको फुली, मेयरको फुली बोकेर फिर्ता गर्नु पर्दैन ? विचार गर्नुस् त, कतिसाह्रो लाज नभएको ? कमसेकम हामीले टाँसिदिएका जुँगा त खौरिएर छोड्नुपर्छ नि । एमालेले लगाइदिएको जुँगामा ताउ लगाएर एमालेको बाकस खाली गर्छु भन्ने ? बाकस कसको खाली हुन्छ म भन्दिनँ, तपाईंहरूले जवाफ दिनुपर्छ । यस्ता गुन बिर्सिने र स्वार्थका पछाडि कुद्ने तत्वहरूलाई तपाईंहरूले मुखभरिको जवाफ दिनुपर्छ ।' यो सबैभन्दा ठूला दलका सबैभन्दा ठूला नेताको भनाइ हो । यो भनाइमा चुनावको कुन मुद्दा उठेको र नागरिकले केलाई हेरेर भोट दिने भन्ने प्रश्न उठ्ने भयो नै ।

जब ठूला नेताले नै चुनावलाई गाली पुराणमा परिवर्तन गरेपछि सानाले पनि त्यसको जवाफ दिनुपर्ने भयो नै । हुँदै जाँदा के भयो भने यो करिब महिना दिनको समय बाँकी रहेको अवस्थामा पनि यस्तो गालीबाहेक एजेण्डाले प्रवेश पाएको देखिएन । गाली गरेर मत बटुल्ने भन्ने नै गलत अभ्यास हो । शीर्ष तहबाटै आफ्ना समकक्षी नेताहरूलाई समाजले नै पचाउन नसक्ने गरी नामाकरण गरिनु र भोलि फेरि तिनैसँग सहकार्य गर्न खोजिनु आदिबाट आफ्नै व्यक्तित्वको क्षय हुन्छ । यस्तो गाली गर्ने काम जसबाट भए पनि तुरुन्तै बन्द गर्नुपर्छ । तसर्थ नेताले आफ्नो नेतृत्व नागरिकसामु प्रस्तुत गर्नुछ भने एजेण्डामा भाषण गर्नुपर्छ ।

### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:०० | बजे हेटौडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: ०० | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:०० | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १०:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १०:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १०:३० | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३० | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३० | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३० | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३० | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३० | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३० | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:०० | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३० | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# यस्तो हुनुपर्छ स्थानीय सरकार



जगदीसप्रसाद अग्रवाल

नेपालको संविधान–२०७२ ले तीन तहगत सरकारको व्यवस्था गरेको छ । त्यसमध्ये नागरिकको दिनचर्यासँग प्रत्यक्ष सरोकार राख्ने स्थानीय सरकार हो । स्थानीय निकाय पहिला पनि थिए । तर, विकेन्द्रीकरण थिएन । संघीयता विकेन्द्रीकरणमात्र होइन, विकासको चाहना र यसको प्राप्ति र प्रत्याभूतिका जुर्मुराहट पनि हो । तहगत सरकार अन्य देशहरूमा पनि छन् । तहगत सरकार सञ्चालनमा खर्चको भार र भ्रष्टाचार पनि बढेको भन्ने छ । तर, यो संघीयताको दोष होइन, कार्यान्वयन उचित तरीकाले नहुँदा समस्या भएको हो ।

स्थानीय तहले जनतामा विकासको चाहना जागृत गराएको छ । यो आफ्नो क्षेत्रमा विकासको पहिचान र सहभागिताका लागि उपयुक्त अभ्यास हो । भ्रष्टाचार हुन नदिन नागरिक समाजले खबरदारी गर्नुपर्छ । हामीकहाँ स्थानीय सरकार सञ्चालन भएको ५ वर्ष भए पनि अपेक्षित रूपमा सक्रिय हुन भने सकेको छैन । प्रदेश सरकारमा पनि यो समस्या छ । प्रारम्भिक चरण भएकाले यो समस्या भएको हो, यो समाधान भएर जान्छ । हामीले ल्याएको संघीयतालाई कसरी प्रभावकारी रूपमा अगाडि बढाउने त्यसमा सोच्न आवश्यक छ ।

स्थानीय सरकारमा राजनीतिक प्रतिस्पर्धाको अभ्यास छ । त्यसकै आधारमा चुनाव भएको छ । यसले स्थानीय तह सञ्चालकलाई दलीय आग्रहमा विभाजित गरिरहेको छ । यसले दक्षता र एजेन्डालाई ओझेलमा पारेको छ । राजनीतिक आग्रहका आधारमा पक्ष र विपक्ष भइरहेको छ । यसले भद्रगोल अवस्था सृजना भएको छ । विगतमा कर्मचारीले चलाउँदा र अहिले जनताका प्रतिनिधिले स्थानीय सरकार चलाउँदाको अनुभूति खासै फरक हुन सकेको छैन । स्थानीय सरकारको सेवा प्रवाह र योजनाबाट समाज अपेक्षित सन्तुष्ट छैन । समाजमा विभिन्न तह छ । तहअनुसार मानिसका आकांक्षा र आवश्यकता पनि फरक हुन्छन् । स्थानीय सरकारले सबैको चाहना मिलाएर कसरी अघि बढ्ने ? यो मुख्य प्रश्न हो । आज पनि सडक, खानेपानी, स्वास्थ्य, शिक्षा, सरसफाइ, विद्युत्जस्ता कुराकै आवश्यकता पूरा हुन सकेको छैन । ५० वर्षअघिदेखि आजसम्म आधारभूत आवश्यकताको आपूर्तिमै अलमलिएको अवस्था छ ।

अहिले स्थानीय तहको विकासमा अन्य तहसँग तुलना गरेर हेर्ने परिपाटी छ । आफ्नो आवश्यकता के हो ? त्यसको परिपूर्ति कसरी गर्ने भन्नेमा काम हुन सकेको छैन । आधारभूत आवश्यकतालाई एउटा तहसम्म पुऱ्याएर त्यसमाथिको विकासमा केन्द्रित हुनुपर्छ । यसमा स्थानीय सरकार योजनाबद्ध तरीकाले अघि बढ्नुपर्छ । हामीकहाँ सबै खालका योजनामा हात हाल्ने र देखावटी कुरामात्र बढी गर्ने काम भएको छ ।

स्थानीय तहलाई संघीय र प्रदेश सरकारबाट सशर्त पैसा आउँछ । यसले स्थानीय आवश्यकतालाई सम्बोधन नगर्न पनि सक्छ । स्थानीय शासकले आफ्नो योजना र आर्थिक स्वायत्ततामा ध्यान दिनुपर्छ । यसका लागि आन्तरिक आयमा सुधार आवश्यक छ । आफ्नो आयस्तर बलियो भएमा शर्त अस्वीकार गर्ने क्षमता अभिवृद्धि हुन्छ । अहिले ठाउँठाउँमा भ्यू टावर, प्रवेशद्वार, सौन्दर्यीकरणको होडजस्तै देखिएको छ । अरूले दिएको सहयोग आफ्नो प्राथमिकतामा पर्दैन भने त्यसलाई अस्वीकार गर्ने वा आफ्नो शर्तमा सहमत बनाउन पहिला आफ्नो आर्थिक स्रोत बलियो हुनुपर्छ । स्रोत बढाउन व्यापार, उद्यम, रोजगारी बढ्नुपर्छ । स्थानीयलाई कुनै न कुनै आय आर्जनको उपायमा आबद्ध गर्नुपर्छ ।

आर्थिक सम्भाव्यतामा प्रत्येक स्थानीय तहका आआफ्नै विशेषता हुन्छन् । जस्तो कि, वीरगञ्ज औद्योगिक र व्यापारको शहर हो भने यहाँ उद्योग र व्यापार आर्जनको माध्यम हो । पोखरा, काठमाडौं, जनकपुरजस्ता शहर पर्यटकीय महत्त्वका छन् । पर्यटन हामीकहाँ मूल रूपमा मनोरञ्जन र आस्था २ प्रकारका छन् । पर्यटकलाई लोभ्याउन आकर्षक गन्तव्य बनाउनुपर्छ । धार्मिक आस्थाका आधारमा आउने पर्यटकका लागि आस्था जन्माउनुपर्छ । स्थानीय सरकारले आफ्नो विशेषताअनुसार आय आर्जनका क्षेत्र बनाउने र त्यसलाई दोहन गर्नुपर्छ । योजनै नबनाउने अनि पैसा आएन भनेरमात्र हुँदैन । अहिलेसम्म पनि स्थानीय सरकारमा यो क्षमता देखिएको छैन । आवश्यकताअनुसार सहयोग र ऋण लिने अधिकार स्थनीय सरकारमा हुनुपर्छ ।

स्थानीयको आवश्यकता र उपभोगका सेवा प्रवाहलाई स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रमा राख्नुपर्छ । जस्तै, सडक संघीय सरकारको क्षेत्राधिकार भनिएको छ । स्थानीय सरकार अहिलेसम्म संघ सरकारको सडक नपुगेको क्षेत्रमा मात्रै प्रवेश गरेको छ । सडक भनेको पारवहन हो । पारवहन आफैमा आयको एउटा ठूलो स्रोत हो । पारवहनलाई गुणस्तरीय बनाउनुपर्छ । विद्युत् आपूर्ति संघ सरकारको हो भनिन्छ । उपयुक्त तरीकाले सेवा आएको छैन भने स्थानीय सरकारले जिम्मा लिनुपर्छ । कुनै हूलदंगा नै भयो भने यो मेरो काम होइन भनेर तत्कालीन नियन्त्रणको दायित्वबाट स्थानीय सरकार पन्छिन मिल्दैन । स्थानीय सरकारले अधिकार क्षेत्रको नाममा यसमा कुरामा लाचारी देखाउनु हुँदैन । कानूनी रूपमा मिलेको छैन भने त्यसलाई सुधार गरिनुपर्छ । यो मामिलामा स्थानीय सरकार उदासीन देखिएका छन् ।

आधारभूत आवश्यकता पनि समाजमा वर्गका आधारमा फरकफरक हुन सक्छ । जस्तो कि, निम्न आर्थिक अवस्थाका बासिन्दा र निम्न मध्यम र मध्यम वर्गका आवश्यकतामा भिन्नता हुन्छ । पहिलो खाने पानीको आपूर्ति भए पुग्थ्यो । अहिले गुणस्तरीय पानी चाहिएको छ । स्तरीय स्वास्थ्य सेवाको खाँचो महसूस भइरहेको छ । शिक्षाको नाममा देशको पैसामात्र होइन, जनशक्ति पनि बाहिरिएको छ । यस्तोमा सेवा र पूर्वाधारका आधारमा स्थानीयको जीवनस्तर उठाउन आवश्यक छ । न्यूनतम आवश्यकता पूर्ति गरेरमात्र हुँदैन । आजको समयसापेक्ष सेवा र सुविधा दिन सक्नुपर्छ ।

कुनै पनि शहरमा सार्वजनिक यातायात सहज छैन । त्यसैले मोटर साइकल र गाडी किन्ने अवस्था भयो । यसमा स्थानीय सरकारले सोचेको छ ? सडक, फुटपाथ व्यवस्थित छैनन् । सडक सडकजस्ता छैनन्, ट्र्याकमात्र बनेका छन् । सवारी सञ्चालन (चालक) रोजगारी ठूलो क्षेत्र हो । चालकको दक्षतामा ध्यान दिइएको छैन । नेपालले दिएको सवारी चालक अनुमतिपत्रलाई अरू देशले किन मान्यता दिँदैन ? यसमा स्थानीय सरकारले काम गर्नुपर्छ । अहिले वृद्ध र असहायलाई नगद र जिन्सी सामान बाँडिन्छ, यस्तो वितरणले प्राप्त गर्नेलाई आत्मसम्मान दिन सक्दैन । उनीहरूलाई आफ्नो दयनीय स्थितिको अनुभव हुन्छ । त्यही सहयोगलाई उनीहरूका लागि आय आर्जनका उपायमा रूपान्तरण गर्न स्थानीय सरकारले किन काम गर्न सकेको छैन ?

स्थानीय सरकारले स्थानीय बासिन्दाको जीवनस्तर उकास्ने नीति लिनुपर्छ । उन्नत जीवनस्तरका लागि आपसी सौहार्दता चाहिन्छ । प्रदूषणमुक्त स्तरीय आवासलाई कानून नै बनाएर व्यवस्थित गर्नुपर्छ । शहरमा हाउजिङका घर पुरानो जमानाका छन् । नयाँ शहरमा पनि कुनै मापदण्ड छैन । जहाँ जमीन खाली छ, त्यहाँ जे बनाए पनि भएको छ । हिजो जे भयो, अब त्यस्तो हुनु हुँदैन । अहिले गाउँ छोड्ने प्रवृत्ति बढेको छ । यस्तोमा ग्रामीण क्षेत्रलाई नै शहरमा रूपान्तरण गर्ने कि गाउँका बासिन्दालाई शहरमा ल्याउने ? यसमा हाम्रो नीति के हो भन्नेमा स्पष्ट हुन आवश्यक छ ? शहरीकरणसँगै गरीब बस्ती, केही नराम्रा काम र वर्ग विभाजन हुन्छ । त्यस्तो नहोओस् भन्नेतर्फ स्थानीय सरकारले रणनीतिक हिसाबमा काम गर्नुपर्छ । स्थानीय सरकार र त्यहाँका बासिन्दाका बीच पनि अधिकार र कर्तव्यको व्यवस्था हुनुपर्छ । नागरिकमा नैतिक मूल्य हुनुपर्छ । यसका लागि सबैभन्दा पहिले शासक आफै नैतिकवान हुन जरूरी हुन्छ ।

स्थानीय सरकारले आफ्नो क्षेत्रमा कस्तो व्यापार व्यवसाय गर्न दिने वा नदिने भन्नेमा स्पष्ट नीति बनाउनुपर्छ । देहव्यापार, लागूऔषध, जुवा, मानव बेचबिखन र मदिराजस्ता व्यापार गम्भीर पाप हुन् । यस्ता गतिविधिलाई प्रतिबन्धित गरिनुपर्छ । जस्तो कि, भारतको विहारमा मदिरा बन्द गरियो । संयुक्त राज्य अमेरिकामा जोसुकैले बन्दुक राख्नसक्ने व्यवस्था छ । आज यसको दुरूपयोग बढेपछि प्रतिबन्ध लगाउनुपर्ने मत बलियो हुँदै गएको छ । संघ र प्रदेश सरकारले आफ्नो क्षेत्रमा कस्तो व्यापार गर्न दिने नदिनेमा स्थानीय सरकारले आफ्नै दृष्टिकोणअनुसार नीति बनाउनुपर्छ । व्यापारमा निजीक्षेत्र र सरकारी क्षेत्रको सन्तुलन हुनुपर्छ । कतिपय कुरा निजीक्षेत्रले गर्न सक्दैन भने कतिमा सरकार सफल हुँदैन ।

स्थानीय सरकारका प्राथमिकतामा गुणात्मकसँगै परिमाणात्मक परिवर्तनको आवश्यकता छ । सरकारले दिने सेवा युगसापेक्ष प्रविधियुक्त हुनुपर्छ । पुरानै अलमलले सुधार सम्भव छैन । अब विकासको परम्परागत गति होइन, जनताको आकांक्षाको सम्बोधनका लागि त छलाङ लगाउने क्षमता चाहिन्छ । यसका लागि शासकमा इमानदारीमात्र भएर पुग्दैन, दक्षता र दूरदृष्टिकोणको खाँचो खड्किएको छ ।

*(लेखक निम्बस समूहका अध्यक्ष हुन् ।)* -इमेल प्राप्त लेख

# सही आसनमा बस्न नजान्दा पनि लाग्छ जटिल रोग

सुन्दा अनौठो लाग्न सक्छ, तपाईं हामीलाई बस्न पनि आउँदैन । कुर्सीमा, चकटीमा, सोफामा, भुँइमा जहाँपनि हामी बसिरहेका हुन्छौं । तर हाम्रो बस्ने आसन मिलिरहेको हुँदैन । यसरी आसन नमिलाइ बस्दा के हुन्छ ?

हामीलाई अत्यन्तै सामान्य लाग्ने यही कुराको नतिजा भने भयानक हुन्छ । जस्तो हामी कुप्रिएर, घोप्टिएर वा ढल्किएर बस्ने गर्छौं । यसरी बस्दा हाम्रो मेरूदण्डमा असर पुग्छ । यसले हड्डीको जोर्नी फुत्किने, मासु च्यातिने, नसा च्यापिने जस्ता समस्या हुन्छ । यस्ता समस्याले हामीलाई जीवनभर थला पार्न सक्छ ।

त्यति मात्र होइन, हाम्रो बसाइ नमिल्दा शरीरका भित्री अंगहरूको सञ्चालनमा पनि अवरोध पुग्छ । फोक्सो, मुटु आदिको कार्यसम्पादन राम्ररी हुन पाउँदैन । शरीरमा पर्याप्त अक्सिजन पुग्दैन, रक्त सञ्चार राम्ररी हुन पाउँदैन । यस्तो अवस्थामा शरीर जीर्ण र रोगी हुँदै जान्छ ।

अहिले हामीकहाँ पिँठ्यु दुख्यो, ढाड दुख्यो, गर्दन दुख्यो भन्दै आउनेको संख्या धेरै छ । यस्तो समस्याले उनीहरूलाई लामो समयसम्म दुःख दिइरहेको हुन्छ । कसैको नसा च्यापिएको हुनसक्छ, कतिको मांसपेशी च्यातिएको हुन्छ, कतिको हड्डी खिइएको हुन्छ । यस्तो समस्यामा कति शल्यक्रिया गर्न हतारिन्छन् भने कति थेरापीबाट उपचार खोज्छन् ।

### ढाड, पिठ्युँ र गर्दनको दुखाइ

ढाड, पिठ्युँ वा गर्दनको दुखाइ अहिले आम समस्या बन्दै गएको छ । आखिर के कारणले यस्तो समस्या बढिरहेको छ ?

खासमा भन्ने हो भने यो कुनै जन्मजात रोग होइन । यो सरूवा रोग पनि होइन । यो रोगको जन्मदाता हामी स्वयं हौं । हामी आफैंले पैदा गरेको समस्या हो यो । हाम्रो खानपान, बसाइ वा समग्रमा हाम्रो जीवनपद्धतिले नै यस्तो जटिलता निम्त्याइरहेको छ ।

हाम्रो प्रवृत्ति के हुन्छ भने, ऐशआराम खोज्ने । बसीबसी खान पाए हुन्थ्यो भन्ने सोच्छौं । शारीरिक काम गर्न जाँगर चल्दैन । गाडी, मोटरसाइकलमा यात्रा गर्छौं । किनभने हामीलाई हिँड्न अल्छी लाग्छ । बिहान-साँझको समय सोफामा ढल्किएर फेसबुक, युट्युब आदिमा घण्टौं बिताइदिन्छौं । यस किसिमको जीवनपद्धति नै अहिले रोगको कारण बनिरहेको छ ।

एकातिर शारीरिक गतिविधि कम हुँदै गएको छ भने अर्कोतिर खराब खानपानको बानी परेको छ । व्यायाम गर्ने, योग ध्यान गर्ने प्रवृत्ति छैन । जिब्रोको लागि भन्दा पनि शरीरको लागि खाना रोज्ने प्रवृत्ति छैन । यी कारणले अन्ततः हाम्रो शरीर जीर्ण बनाउँदै लगेको छ ।

हाम्रो अज्ञानता, लाचारीले नै यो रोग पैदा भएकाले यसको उपचारका लागि पनि हामी स्वयंको प्रयास जरूरी हुन्छ ।

### अब के गर्ने त ?

चिकित्सा विज्ञानमा एउटा भनाइ छ, रोग लागेर उपचार खोज्नुभन्दा रोग लाग्न नदिनु नै उत्तम हो । ढाड, पिठ्युँ, गर्दनको दुखाइ भनौं वा यस्तै अरू रोगबाट बच्नका लागि अनुशासित दिनचर्या जरूरी हुन्छ । यसको अर्थ हाम्रो सुत्ने, उठ्ने, खाने, बस्ने, काम गर्ने तालिका नियमित र सही हुनुपर्छ ।

स्वस्थ, ताजा र सुपाच्य खानपान गर्नुपर्छ । व्यायाम, योग, ध्यानलाई दिनचर्याको हिस्सा बनाउनुपर्छ । पुग्दो पानी पिउने, मौसमी सागपात खाने जस्ता कुराले निरोगी जीवन बाँच्न सहयोग गर्छ ।

काम गर्दा पनि स्वास्थ्यप्रति सजग हुनुपर्छ । जस्तो कुनै शारीरिक काम गरिरहेका छौं भने त्यो काम कसरी गर्दा उचित हुन्छ भन्ने थाहा हुनुपर्छ । मानौं, गह्रौं भारी उचाल्नुपर्‍यो भने निहुरिएर हातको बलले भारी उठाउने बानी ठीक होइन । यसो गर्दा मेरूदण्डलाई असर गर्छ । जोर्नीलाई असर गर्छ । भारी उठाउँदा मेरूदण्ड भने सकेसम्म सोझो राख्ने गर्नुपर्छ ।

धेरै समय उभिनु र लामो समय हिंड्नु पनि ठीक होइन । बेलाबखत विश्राम लिनु जरूरी हुन्छ । एकै स्थानमा एउटै पोजिसनमा लामो बस्नु त अरू घातक हुन्छ । त्यसैले बसेका ठाउँमा सूक्ष्म व्यायाम गर्न सकिन्छ । हात-खुट्टा तन्काउने, शरीर तन्काउने, उठ्ने र केही पाइला हिंड्ने अभ्यास उपयुक्त हुन्छ ।

### के छ उपचार पद्धति ?

रोग लाग्न नदिनु राम्रो हो । तर यो कुरा थाहा हुँदाहुँदै पनि हामीलाई रोगले च्याप्न सक्छ । यस्तो अवस्थामा उपचार खोज्नु नै पर्छ ।

ढाडको दुखाइ लगायतका समस्यामा कतिपय शल्यक्रिया गर्न खोज्छन् । शल्यक्रिया गर्नुपर्ने अवस्था पनि नआउने होइन, तर फिजियोथेरापी लगायत प्राकृतिक विधिबाट पनि यी समस्याबाट छुट्कारा पाउन सकिन्छ ।

## थाहा नगरका जनप्रतिनिधिको सम्पर्क नम्बर

| | | |
|---|---|---|
| थाहा प्रमुख | लवशेर विष्ट | ९८५५०६७६९२ |
| थाहा उपप्रमुख | खड्ग बहादुर गोपाली | ९८५५०६७०४५ |
| १ नं. वडाध्यक्ष | हेरमान गोपाली | ९८५५०८९३०१ |
| २ नं. वडाध्यक्ष | गुप्तबहादुर कार्की | ९८५५०८९३०२ |
| ३ नं. वडाध्यक्ष | राजेश के.सी. | ९८५५०८९३०३ |
| ४ नं. वडाध्यक्ष | दिपक सिं लामा | ९८५५०८९३०४ |
| ५ नं. वडाध्यक्ष | विष्णुबहादुर गुरुङ | ९८५५०८९३०५ |
| ६ नं. वडाध्यक्ष | शशीधर सुवेदी | ९८५५०८९३०६ |
| ७ नं. वडाध्यक्ष | सनमसिं मुक्तान | ९८५५०८९३०७ |
| ८ नं. वडाध्यक्ष | टिकाराम रुम्बा | ९८५५०८९३०८ |
| ९ नं. वडाध्यक्ष | परशुराम श्रेष्ठ | ९८५५०८९३०९ |
| १० नं. वडाध्यक्ष | हिराबहादुर गमाल | ९८५५०८९३१० |
| ११ नं. वडाध्यक्ष | किरणमान बल | ९८५५०८९३११ |
| १२ नं. वडाध्यक्ष | मानबहादुर स्याङ्तान | ९८५५०८९३१२ |




# घर झगडाले गर्भको बच्चालाई पनि असर गर्छ !



हरेक श्रीमान-श्रीमतीबीच सानोतिनो झगडा हुन्छ । तर तपाईं आमाबुबा बन्न लाग्नुभएको छ भने यसले गर्भमा रहेको बच्चाको स्वास्थ्यमा नराम्रो असर पार्न सक्छ । डाक्टरहरूले गर्भवती महिलालाई जुनसुकै अवस्थामा पनि खुसी राख्नुपर्ने सल्लाह दिन्छन् ।

यदि गर्भवती महिला कुनै तनावमा रहन्छिन् भने यसले मुटुको धड्कन बढाउँछ । रक्तचाप बढ्छ र गर्भमा रहेको बच्चामा अक्सिजन आपूर्ति प्रभावित हुन सक्छ । यसकारण अप्रत्यक्ष रूपमा श्रीमान-श्रीमतीबीचको झगडाले गर्भमा रहेको बच्चालाई पनि असर पार्ने चिकित्सकहरू बताउँछन् ।

### बच्चाको मानसिक विकासमा बाधा आउन सक्छ

गर्भावस्थामा अत्यधिक रूनु वा रिसाउनु शिशुको स्वास्थ्यका लागि राम्रो होइन । यसले गर्भमा रहेको बच्चाको मानसिक विकासमा बाधा पुर्‍याउन सक्छ । बच्चाको सोच्ने क्षमतालाई असर पार्छ  र तनावका कारण बच्चा जन्मेपछि चिन्ताको शिकार हुन सक्छ ।

### भ्रुणका लागि खतरा

झगडाका क्रममा यदि शारीरिक यातनासम्मको घटना भयो भने चोटपटकका कारण गर्भमा रहेको शिशुको ज्यान समेत जान सक्छ । रक्तस्रावलाई गर्भपातको लक्षण मानिन्छ । श्रीमान-श्रीमतीबीच झगडा हुनु सामान्य कुरा हो, तर यसले तपाईंको गर्भमा रहेको बच्चाको स्वास्थ्य बिगार्छ र स्वास्थ्यको कुरा गर्दा आमा र बच्चाको स्वास्थ्यसँग खेलवाड गर्न सकिंदैन ।

### बच्चाको रोग प्रतिरोधात्मक क्षमता कम हुनसक्छ

यदि गर्भावस्थामा दम्पतीबीच झगडा भए बच्चाको रोग प्रतिरोधात्मक क्षमतामा दबाब पर्न सक्छ र भविष्यमा बच्चा रोगको शिकार हुन सक्छ । आमाको बढ्दो तनावले बच्चामा पनि नराम्रो असर गर्छ ।

### भ्रुणमा अक्सिजनको मात्रा कम हुनसक्छ

गर्भावस्थाको समयमा झगडाका कारण तनाव बढ्दा गर्भवती महिलाको मुटुको गति बढ्न सक्छ, जसले उच्च रक्तचापको समस्या हुनसक्छ । यसले गर्दा पाठेघरमा अक्सिजन कम हुने र बच्चालाई रगतको आपूर्ति नहुन सक्छ ।

### गर्भविस्थामा दम्पतीबीचको झगडाबाट कसरी बच्ने ?

गर्भावस्थामा एकातर्फ शरीरमा आउने परिवर्तनसँग समायोजन गर्नुपर्ने हुन्छ भने अर्कोतर्फ मानसिक तनावसँग जुध्न पनि गाह्रो हुन्छ । गर्भावस्थामा हर्मोनमा परिवर्तन हुने र भावनामा हुने परिवर्तनले शरीरमा नराम्रो असर गर्छ । दम्पतीले केही सजिलो तरीका अपनाउनुपर्छ, जसको मद्दतले गर्भावस्थामा मानसिक तनावबाट बच्न सकिन्छ ।

- *पार्टनरसँग गर्भमा रहेको बच्चाको गतिविधिबारे छलफल गर्नुहोस् र उनीहरूको विचार जान्नुहोस् । साथै, पेटमा रहेको  बच्चाको लागि योजना बनाउन पनि सकिन्छ ।*
- *एकअर्काको लागि समय निकाल्नुहोस्, यदि दम्पती दुवै जना काम गर्दै हुनुहुन्छ भने तपाईंले दिनमा केही समय सँगै बिताउनुपर्छ ।*
- *सँगै घुम्न जानुहोस् । साथै, ध्यान, योग र व्यायामलाई समय दिनुहोस् ताकि दिमाग शान्त रहोस् र झगडा नहोस् ।*
- *सँगै डाक्टरकहाँ जानुहोस्, यसबाट दुवैले शारीरिक परिवर्तनहरू बुझ्न सक्छन् ।*
- *गर्भावस्था हरेक जोडीको लागि विशेष अवसर हो । यस समयमा दुवैले बच्चालाई खुसी र उत्साहका साथ स्वागत गर्ने तयारी गर्नुपर्छ र आपसी मनमुटावलाई बेवास्ता गर्नुपर्छ ।*



# पालिकाले घर बनाइदिएपछि धामी परिवारको मुहारमा मुस्कान

◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिका वडा नम्बर-१८ हर्नामाडीको आरामपुर थामी टोलमा बषौं अघि देखि बस्दै आएका पशुपती धामी र सन्तबहादुर थामीले यो जिवनमा नयाँ अनी सुन्दर घरमा बस्न पाउछु भनेर कहिले पनि कल्पनै गर्नु भएको थिएन ।

उपमहानगरपालिकामा रहेपनि अत्यन्तै गरिव दुई परिवारलाई उपमहानगरपालिकाका मेयर हरि बहादुर महत र वडा अध्यक्ष अनिल बानियाँले नयाँ घर बनाइदिनुभयो । गरिव परिवार हेटौंडामा धेरै छन् । तर, कुनैपनि काम पनि गर्न नसक्ने असक्त अत्यत्न गरिब परिवारका रूपमा रहेका थामी परिवार लाई उपमहानगपालिकाको सहयोगमा घर निर्माण गर्दा थामी परिवारको अनुहारमा बषौं देखिका दुख पीडालाईं विर्सेर खुसी फर्कियो ।

घाम र पानी दुबै छिर्ने खरले छाएको घरमा बषौं देखि बस्नुपर्ने थामी परिवारको बाध्यता थियो । घर छाउनका लागि जस्तापाता त परको कुरा । बिहान बेलुकाको छाक टार्न पनि निकै मुस्कील थियो थामी परिवारलाई । त्यो बाध्यता देखेपछी उपमहानगरपालिकाले पुरै घर निर्माण गरिदिएको मेयर हरि बहादुर महत बताउँछन् । सरकार भनेको पहुँचमा रहेका र टाठाबाठाहरूको भन्दा पनि दुखी, गरिब र बोल्न नसक्ने परिवारको पनि हो भनेर अनुभुती दिलाउनका लागि दुई थामी परिवारलाई घर निर्माण गरिदिएको मेयर महत बताउँछन् ।

वषौं अघिदेखि समस्या बेहोर्दै आएपछी घर निर्माण गरेर थामी परिवार लाई घरमा प्रवेश गराइएको हेटौंडा-१८ का वडा अध्यक्ष अनिल बानियाँ बताउँछन् । नयाँघरमा प्रवेश गराउनका लागि मेयर र वडा अध्यक्ष आफै आएपछी थामी परिवार झनै खुसी भए ।

### त्रिपाल मुनी बस्दै आएकालाई घर

हेटौंडा उपमहानगरपालिका वडा नम्बर-६ चौघडा बजारबाट अली भित्र त्रिपाललाई छानो बनाएर बस्दै आएकी सुकुम्वासी महिलाका लागि स्थानीय सरकारले घर निर्माण गरिदिएको छ । त्रिपालकै छानो र बार समेत लगाएर बषौदेखि बस्दै आएकी चोघडाकी सुकुम्वासी सिता सापकोटाको घर उपमहानगरपालिकाले निर्माण गरिदिएको मेयर महत बताउँछन् ।

बजारको छेवैमा बसेपनि अत्यन्तै दयनिय अवस्थामा देखेपछी घर निर्माण गरिदिएको उनले बताए । सापकोटाका लागि दुई कोठाको घर निर्माण गरिएको हो । अहिले उहाँ नयाँ घरमा सरीसक्नु भएको छ । स्थानीय सरकारले घर निर्माण गरिदिएपछी उहाँ अहिले निकै खुसी हुनुहुन्छ ।



### द्वन्द्व र आन्दोलनमा चार छोरा गुमाएकी सुभद्रालाई घर

०४६ सालको आन्दोलन र सशस्त्र द्वन्द्वका क्रममा चार छोरा गुमाएकी सुभद्रा दर्नालले नयाँ घर पाएकी छिन् । हेटौंडा-९ स्थित शान्तिनगर सुकुमबासी टोलकी ७० वर्षीया सुभद्राका लागि हेटौंडा उपमहानगरपालिकाले चारकोठे पक्की घर एक वर्ष अगाडी निर्माण गरिदिएको हो । मुलुकको राजनीतिक परिवर्तनका क्रममा भएका आन्दोलन र द्वन्द्वमा योगदान पुर्‍याएका सपुतलाई जन्म दिने आमाका लागि उपमहानगरपालिकाले सहयोग गरेको मेयर महतले बताए । सानो टहरामा बस्दै आएकी सुभद्राका लागि उपमहानगरपालिकाले स्थायी बसोवासको व्यवस्था मिलाएको थियो ।

### हेटौंडा-१५ बङ्गेरीका ११ परिवारलाई जस्तापाता

हेटौंडा उपमहानगरपालिका वडा नम्बर- १५ बङ्गेरीको चेपाङ र तामाङ वस्तीका ११ परिवारलाई छाउनका लागि स्थानीय सरकारले जस्तापाता दिएको छ । त्यही अनुसार अहिले घर निर्माणको काम भइरहेका छन् । केहीको निर्माण भएपनि केहीको निर्माणको चरणमा रहेको छ । उपमहानगरपालिका भएपनि अत्यन्तै पछी परेका चेपाङ र तामाङ समुदायको घर छाउनका लागि समस्या भएपछी जस्तापाता दिइएको थियो ।

खरको छाना त्यसमा पनि पानीपरेपछी सबै घरभित्र पस्ने वषौ देखिको समस्या देखेपछी जस्तापाता सहयोग गरिएको मेयर महतले बताए । बङ्गेरीका पन्च भोम्जन, कुमार बल, सृजना प्रजा, राजकुमार थिङ, प्रितिमान प्रजा, बसन्ती पाख्रिन, सूर्यबहादुर प्रजा, निर्मल प्रजा, तिर्थराज प्रजा र दोर्जे बललाई घरको छाना छाउनका लागि जस्तापाता सहयोग गरिएको हो । उनीहरूले अरू वर्षायाममा घरभित्र पानी छिर्ने वषौंदेखिको समस्या भने समाधान हुने भएको छ ।

> घाम र पानी दुबै छिर्ने खर ले छाएको घरमा वषौंदेखि बस्नुपर्ने थामी परिवारको बाध्यता थियो ।

यसक्षेत्रमा पहिले खानेपानी, बालबालिका पढ्नका लागि बिद्यालय खोल्ने कामसंगै स्थानीयहरूका लागि घर छाउन जस्तापाता सहयोग गरिएको छ । सबैक्षेत्रले पीछडीएको यस क्षेत्रमा पहिलो प्राथमकितामा पर्ने खानेपानी, सडक, बिद्यालयसंगै अहिले भने जस्तापाता सहयोग गरिएको उनले बताए । सामान्य पूर्वाधारका समस्या देखिबाट खहरे खोलाको पानी पिउनुपर्ने बषौ देखिको बाध्यता यस क्षेत्रका नागरिकले वषौदेखि भोग्दै आएका थिए ।

थामी वस्ती, चौघडा र बंगेरीमा घर निर्माणका लागि गरिएका सहयोग उदाहरण मात्र हुन् । उपमहानगर पालिकाको सहयोगमा हेटौंडाका १९ वटै वडामा घरको छानो भएकालार्य जस्ता पाता निर्माण, अत्यन्त दुखी र गरिव असक्त परिवारलाई पुरै घर निर्माण गर्ने काम उपमहानगरपालिकाले पाँच् वर्ष सम्म गरेको छ । यसबाट गरिब नागरिकले स्थानीय सरकारको अनुभुती गर्न पाएका छन् । हेटौंडाको वडा नम्बर-१, ३, १२, १३, १४, १५, १६, १७, १८ र १९ मा बर्षौंदेखि घरको छानो छाएर बसेका परि वारलाई जस्ता पाता वितरणको काम पाँच वर्ष देखि गरिदै आएको छ । यो कामले गरिव परिवारका नागरिक खुसी भएका छन् ।

# हेटौंडाका किसानलाई अनुदानै अनुदान !

◆ विकास संवाददाता

हेटौंडा उपमहानगरपालिका वडा नम्बर-१७ हटियामा रहेको साना किसान सहकारी संस्थालाई हेटौंडा उपमहानगरपालिकाले खेत, बारी जोत्नका लागि एउटा ठुलो ट्याक्टर गत आर्थिक वर्षमा हस्तान्तरण गर्यो । ट्याक्टर पाएपछी यहाँका किसानले खेतबारी जोत्नका लागि निकै सजिलो भएको बताउँछन् ।

सस्तोदरमा ट्याक्टर मार्फत खेत, बारी जोत्ने काम गर्न पाएपछी बर्षभरी गोरू पलेर परमपरागत खेती गर्नुपर्ने बाध्यता पनि हटेको किसानहरू बताउँछन् । स्थानीय सरकारले ५० प्रतिशत अनुदान रकममा ट्याक्टर दिएपछी खेतीगर्ने गाउँका किसानका लागि निकै सजिलो भएको सहकारीका अध्यक्ष कमला श्रेष्ठ बताउनुहुन्छ ।

यसैगरी चालु आर्थिक वर्षमा हेटौंडा-१३ पदमपोखरीमा त्रिबेणी कृषि सहकारी संस्थालाई प्रबिधियुक्त फलफूल नर्सरी टनेल निर्माणका लागि उपमहानगरपालिकाले ७ लाख रूपैयाँ उपलब्ध गराउनेगरी संझौता गरेको छ । प्रबिधियुक्त टनेल निर्माण गरेपछी सहकारीमा आवद्ध किसानहरूले सामुहिक खेतीगर्नका लागि निकै उत्साहित समेत भएका छन् ।

हटिया र पदमपोखरीका किसान मात्र होइन । हेटौंडा उपमहानगरपालिकाले पाँच वर्षको अवधिमा हेटौंडाका किसानहरूका लागि विभिन्न खालका अनुदान कार्यक्रम मार्फत सहयोग गरेको छ । बिशेषगरी हेटौंडा उपमहानगर पालिकामा पछी थपीएका वडाहरूमा रहेका किसानका लागि अनुदानका कार्यक्रमले निरन्तर रूपमा सहयोग गरेकोमा किसानहरू पनि उत्तिकै खुसी छन् ।

अनुदानका कार्यक्रमले बिदेशबाट फर्किएका युवाहरूलाई खेती गर्नका लागि उत्साहीत भएको र यहाँनै खेती गरेर पनि आमदानी गर्नका लागि स्थानीय सरकारले सहयोग गरेको मेयर हरि बहादुर महत बताउँछन् । पाँच वर्ष सम्म हेटौंडाका किासनलाई उन्नतजातका तरकारीका विउ बितरण, कृषि चुन वितरण, कृषि फार्म प्रवर्दन कार्यक्रम, पुष्प खेती प्रवर्दन कार्यक्रम, फलफुलका विरूवा बितरण, प्लाष्टिकका टनेल निर्माण, व्यावसायीक खेती कार्यक्रम, कृषि बजार पूर्वाधार कार्यक्रममा सहयोग गरिएको मेयर महतले बताए ।

यसैगरी कृषि सामाग्री ढुवानी कार्यक्रम, कृषि इन्जिनियरिङ प्रबर्दन कार्यक्रम, खाल्डो खन्ने मेसीन अनुदानका कार्यक्रम, कृषि सिंचाइ कार्यक्रम, कृषि उपज संकलन तथा बिक्री गर्नका लागि सहयोग कार्यक्रम, टनेल हाउस खेती कार्यक्रम, स्थानीय स्तरमा मिनी डिजीटल माटो ल्याब स्थापना गर्ने कार्यक्रम, बहुउद्देश्यीय नर्सरी स्थापना गर्ने कार्यक्रम, माटो जाँच शिविर कार्यक्रममा सहयोग गरिएको छ ।

### पशुपन्छी पालनमा पनि अनुदान

हेटौंडा उपमहानगरपालिकाले पाँच वर्षको अवधिमा खेती गर्ने किसानसंगै पशुपालनका क्षेत्रमा काम गर्ने किसानका लागि पनि सहयोगका कार्यक्रम ल्याएको छ । पाँच वर्षको अवधिमा पशुपन्छी पालन किसानका लागि अनुदानका कार्यक्रमबाट थप सहयोग गरिएको मेयर हरि बहादुर महत बताउँ । किसानले पालेका पशुपन्छीका लागि आकस्मिक तथा संक्रमण रोग नियन्त्रणका कार्यक्रम गरेको छ ।

आन्तरिक तथा परजिवी रोग नियन्त्रण कार्यक्रम, एकल महिला, गरिब, असहाय पशुपालन प्रोत्साहन कार्यक्रम, बिभीन्न प्रकारका खोप लगाउने कार्यक्रम, ग्रामिण कुखुरा प्रबर्दन कार्यक्रम, पशु आहार घाँस वितरण कार्यक्रम, पशु कृतिम गर्भाधान कार्यक्रम, पशु स्वास्थ्य शिबीर कार्यक्रम, बंगुर प्रवर्दन कार्यक्रम अन्तरगत पाठा, पाठी वितरण कार्यक्रम, महिलाहरूका लागि पशुपालन प्रोत्साहन कार्यक्रम, मासु पसल स्तरउन्नती कार्यक्रममा सहयोग गरिएको हेटौंडा उपमहानगरपालिका आर्थिक महाशाखाका प्रमुख गंगा चौलागाईले जानकारी दिइन् ।

यसैगरी व्यावसायीक फर्म प्रोत्साहन कार्यक्रम अन्तरगत मिल्क ट्याङ्की तथा क्यान वितरण, सामुदायिक कुकुर व्यावस्थापन कार्यक्रम, युवा लक्षित पशुपालन कृषक अनुदान कार्यक्रम, औषधि खरिद तथा वितरण कार्यक्रम, दुधको खुवा बनाउने बिधुतिय मेसिन वितरण कार्यक्रम, समुहका किसानका लागि पशुपन्छी तौल मेशिन वितरण कार्यक्रम, बोयर बोका वितरण कार्यक्रम, किसानका लागि खोर, गोठ सुधार कार्यक्रम, गाए प्रवर्दन कार्यक्रम, बंगुर प्रबर्दन कार्यक्रम लगायतका क्षेत्रमा सहयोग गरिएको महासाखाका प्रमुख चौलागाईले जानकारी दिइन् ।

### किसानलाई वर्षेपिच्छे अनुदान

कृषि विकास तथा पशु विकास तर्फ उन्नत बाली विकासको लागि विभिन्न बालीको बीउ ३ हजार ४०० केजी र मौसम अनुसारका तरकारीको बीउ १ हजार ५ सय पाकेट वितरण गरिएको छ । मुल्य श्रृंखला कार्यक्रम अन्तरगत कार्यक्रम लागु भएका वडा नम्बर-१७ र १९ का दुई वटा साना किसान कृषि सहकारीमा आवद्ध समुहका सदस्यहरूलाई मागमा आधारित भई विभिन्न २ वटा आयोजना संचालनका लागि सम्झौता सम्पन्न भएर कार्यान्यनमा गएको उपमहानगरपालिका कृषि तथा पशुपन्छी विकास साखाका प्रमुख दुर्गा न्यौपानेले जानकारी दिए ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
होर्डिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको व्याच तयारी
बिभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# स्थानीय तह निर्वाचनका लागि पालिका निर्वाचन अधिकृत तोकिए

◆ विकास संवाददाता

निर्वाचन आयोगले आगामी वैशाख ३० गते शुक्रबार हुने स्थानीय तह निर्वाचनमा खटिने प्रयोजनका लागि छनोट भएका मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको नाम सार्वजनिक गरेको छ ।

निर्वाचनका लागि जिल्ला न्यायाधीश र राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतलाई यही चैत २९ देखि लागू हुने गरी मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतमा नियुक्त गरिने सूचनामा उल्लेख छ ।

निर्वाचन आयोगका अनुसार मकवानपुर थाहा नगरपालिकामा निर्वाचन अधिकृतको रूपमा तिर्थराज भट्टराईलाई तोकेको छ । थाहामा निर्वाचन अधिकृतको रूपमा तोकिएका भट्टराई मकवानपुर जिल्ला अदालतका श्रेस्तेदार हुन् ।

आयोगले मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतमा छनोट भएकालाई निर्वाचनसम्बन्धी अभिमुखीकरण तालिम प्रदान गर्ने छ । निर्वाचन अधिकृत भन्नाले निर्वाचनको कामका लागि आयोगले नियुक्ति गरेको मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत र सहायक निर्वाचन अधिकृत समेतलाई जनाउँछ । स्थानीय तह निर्वाचनका लागि न्याय परिषद्को परामर्शमा जिल्ला न्यायाधीशलाई मुख्य निर्वाचन अधिकृत र न्याय सेवा आयोगको परामर्शमा नेपाल न्याय सेवाका कम्तीमा राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतलाई निर्वाचन अधिकृतमा नियुक्त गर्ने व्यवस्था छ ।

स्थानीय तह निर्वाचनका हकमा न्यायाधीश र न्याय सेवाका राजपत्राङ्कित अधिकृतलाई मात्र नियुक्ति गर्न नसकिएमा निजामती सेवाभित्रका अन्य सेवाका अधिकृतलाई समेत निर्वाचन अधिकृतमा खटाउन सकिने छ । निर्वाचन सञ्चालन र व्यवस्थापन गर्ने मुख्य जिम्मेवारी निर्वाचन अधिकृतको हुनेछ ।

निर्वाचन कार्यक्रमअनुरूप उम्मेदवार को मनोनयन दर्ता, मनोनयनउपर उजुरी लिने, उजुरीउपर छानबिन गर्ने, उम्मेदवारको अन्तिम मतदाता नामावली प्रकाशन गर्ने, निर्वाचन चिह्न दिने, आचार संहिताको पालना गराउने, मतदानका लागि कर्मचारी खटाउने, मतदान र मतगणना गराउने, आफ्नो क्षेत्रको निर्वाचन विवाद निरूपण गर्ने तथा निर्वाचन परिणाम प्रकाशन गरी आयोगमा प्रतिवेदन बुझाउने निर्वाचन अधिकृतको मुख्य जिम्मेवारी हो ।

# भूमि आयोग सदस्यमा रायमाझी



◆ विकास संवाददाता

मन्त्री परिषदले थाहा नगरका अरूण रायमाझीलाई राष्ट्रिय भूमि आयोग मकवानपुर जिल्ला समितिको सदस्यमा नियुक्त गरेको छ ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले फागुन १६ गते बसेको मन्त्री परिषदको बैठकले रायमाझीलाई सदस्यमा नियुक्त गरिएको पत्रमार्फत जानकारी गराएको हो ।

रायमाझी नेकपा माओवादी केन्द्रका निवर्तमान थाहानगर अध्यक्ष हुन् ।

# जनकल्याणमा सेन्चुरीको वितिय साक्षरता कार्यक्रम




◆ विकास संवाददाता

'ग्लोबल मनी वीक' को अवसरमा थाहाको शिखरकोटमा कार्यालय रहेको सेन्चुरी कमर्सियल बैंकले जनकल्याण माविमा वित्तिय साक्षरता कार्यक्रम सञ्चालन गरेको छ ।

विद्यालयमा अध्ययनरत कक्षा १२ का करीव ७० जना विद्यार्थी तथा शिक्षकहरू सहभागी कार्यक्रममा बैंकका प्रवन्धक आशिष गौतम, बैंकका कर्मचारीहरू, मंगलदीप सहकारीका व्यवस्थापक गणेश बिष्ट, नेपाल लाईफ ईन्स्युरेन्स पालुङ शाखा प्रमुख नरहरि पौडेल, नाडेप लघुवित्त, पालुङका कर्मचारी रवि रिमालको उपस्थिति थियो ।

प्रबन्धक गौतमले वित्तिय साक्षरता कार्यक्रमको उद्देश्य, त्यस्को महत्व एवं बैंक खाता खोल्ने प्रक्रिया, खाताका प्रकार, मोबाइल बैंकिङ सेवा, आईपिएस, कर्जा, एटिएम सेवा लगायत बैंकबाट प्रदान गरिने सेवाहरूबारे सहभागीहरूलाई जानकारी गराएका थिए । आन्तरिक तथा वैदेशिक रेमिटेन्सको बिषयमा सेन्चुरी बैंकमा कार्यरत मेनु कार्कीले प्रशिक्षण दिएकी थिइन् ।

जीवन बिमा तथा निर्जिवन बिमाको फाईदा तथा महत्व बारे नेपाल लाईफ ईन्स्योरेन्स पालुङका प्रमुख नरहरि पौडेलले विद्यार्थीहरूलाइ प्रशिक्षण दिएका थिए ।

कतिपय अवस्थामा बैंकिङ सम्बन्धि राम्रो ज्ञान नभएका कारण धेरैले गल्ति गर्ने वा अनावश्यक तनाबको रूपमा लिने गरेकोमा उक्त कार्यक्रम पश्चात विद्यार्थीहरूमा बैंकबाट प्राप्त हुने सेवा र उक्त सेवाहरू प्रयोग गर्ने तौर तरिका बारे प्रशस्त जानकारी प्राप्त भएको बैंकका पबन्धक गौतमले बताए । यस्ता जनचेतनामुलक कार्यक्रमहरू भविष्यमा पनि विभिन्न टोल बस्तिमा सञ्चालन गर्दैजाने उनले बताए । यस्ता कार्यक्रमको अलवा वित्तिय संस्थाको सामाजिक उत्तरदायित्व अन्तरगत थाहाको विभिन्न सामाजिक कार्यहरू गर्दै अघि बढ्ने प्रबन्धक गौतमले बताए ।

# एसइईलाई उमेर हद नलाग्ने

◆ विकास संवाददाता

यो वर्षदेखि माध्यामिक शिक्षा परीक्षा (एसईई) मा सहभागी परीक्षार्थीको लागि उमेर हद नलाग्ने भएको छ ।

अहिलेसम्म १४ वर्ष उमेर पूरा भएकाले मात्र एसईई दिन पाउने प्रावधान थियो । यो वर्षदेखि कक्षा १२ को परीक्षा दिने विद्यार्थीलाई उमेर हद लागु हुनेछ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका प्रवक्ता दिपक शर्माले भने, 'अब एसएलसी भनेको कक्षा १२ हो । त्यहाँ उमेर हद लागु हुन्छ अब कक्षा १० मा लागु हुँदैन ।'

एसएलसीमा कति उमेर हद लागु गर्ने भन्ने कानूनतः अधिकार बोर्डलाई भएकोले बोर्डले निर्णय गर्ने प्रवक्ता शर्माले बताए ।

# समाजवादीको ५ नम्बर वडा कमिटि




◆ विकास संवाददाता

नेकपा एकीकृत समाजवादी (एस) पार्टी थाहा नगर कमिटीले थाहा ५ को वडा कमिटी तथा युवा संघको कमिटी गठन गरेको छ ।

नगर अध्यक्ष सानुकाजी गोपालीको अध्यक्षता मा सम्पन्न वडा कमिटी गठन कार्यक्रममा नेकपा एसका केन्द्रिय निर्वाचन आयोगका सदस्य रामचन्द्र बल, बागमती प्रदेश सदस्य गौतम बुद्ध लामा, युवा संघ जिल्ला अध्यक्ष तथा एसका जिल्ला सचिवालय सदस्य किरणमान बलको उपस्तिथि रहेको थियो।

भेलाले अष्ट लामाको अध्यक्षतामा २९ सदस्यीय पार्टी वडा कमिटी तथा बिनोद रूम्बाको अध्यक्षता मा १५ सदस्यीय युवा संघ ५ न वडा कमिटी गठन गरिएको नगर सचिब हरि बहादुर स्याङ्तानले जानकारी दिए ।

# इन्द्रसरोवरमा कार्यकर्ता प्रशिक्षण

◆ विकास संवाददाता

नेकपा माओवादी केन्द्र ईन्द्रसरोवर गाउँपालिकाको आयोजनामा अगुवा कार्यकर्ता राजनितिक प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ ।

बिर्जु पदम लामाको सभापतित्वमा सप्पन्न भएको कार्यक्रममा नेकपा माओवादी केन्द्रका केन्द्रिय सदस्य तथा थाहा-ईन्द्रसरोवर पालिकाका चुनावी कमान्डर सन्तोष बिष्ट, नेकपा माओवादी केन्द्र बागमती प्रदेश सचिवालय सदस्य तथा मकवानपुर जिल्ला समन्वय समितिको सचिव भिम पाख्रीन, माओवादी केन्द्र बागमती प्रदेश सदस्य तथा ईन्द्रसरोवर इन्चार्ज इन्द्रबहादुर श्रेष्ठ ,थाहा नगर सदस्य सुशीला गोपाली,




जयराम जोशी, कबिन्द्र बलामी, अनेमसंघ क्रान्तिकारीका जिल्ला सदस्य सबिता दर्लामी, रिता लामा लगायतका नेता तथा अगुवा कार्यकर्ता हरूको उपस्थिति रहेको थियो ।

रश्मि लामाले स्वागत गरको भेलामा अतिथिहरूले समासामायिक राजनितिक प्रशिक्षण तथा चुनावी रणनीति बारेमा प्रशिक्षण दियको थियो ।

# माओवादी थाहानगर चुनाव केन्द्रित हुँदै





◆ विकास संवाददाता

नेकपा माओवादी केन्द्र थाहानगर कमिटीको विस्तारित बैठक नगरको विकास घरमा सम्पन्न भएको छ ।

बैठकले आसन्न स्थानीय निर्वाचनको लागि नगर निर्वाचन परिचालन कमिटी तथा वडा कमाण्डरहरू तोकेको छ ।

थाहानगर इन्चार्ज विष्णु बिष्ट 'आदर्श'को अध्यक्षतामा सम्पन्न बैठकमा माओवादी केन्द्रका केन्द्रिय सदस्य तथा थाहानगरका चुनावी कमाण्डर सन्तोष विष्ट, प्रदेश सदस्यहरू लवशेर विष्ट, ज्योती रायमाझी, इन्द्र बहादुर श्रेष्ठ, जिल्ला समन्वय समितिका सदस्यहरू, वाइसीएल, महिला, विद्यार्थी, प्रेस, वडा कमिटी अध्यक्ष तथा पदाधिकारी, जनस्वास्थ्यकर्मी, दलित, शिक्षक, प्राध्यापकहरूको उपस्थिति रहेको थियो ।

बैठकले आसन्न चुनावमा आफ्नो रणनीति, चुनावी परिचालन गर्दै, पार्टी केन्द्रको निर्देशन अनुसार जनता माझ जाने निर्णय गरेको नगर अध्यक्ष बिनोद लामाले बताए ।


## कोभिडबाट सचेत रहौं ।

- कोरोना संक्रमणको जोखिम अझै कायम छ ।
- यसले कुनै पनि बेला महामारीको रुप लिन सक्छ ।
- तत्काल कोरोना विरुद्धको खोप लगाऔं ।
- जमघट तथा भिडभाडमा जाँदा स्वास्थ्य सुरक्षा अपनाऔं ।
- अनिवार्य रुपमा स्वास्थ्य मापदण्डको पालना गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

*उपभोग्य वस्तु खरिद गर्दा*
*उपभोग्य मिति*
*हेरेर मात्र खरिद गरौं ।*

– विकास खबरपत्रिका









● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी